दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १९० | बुटवल | २०८३ असार ३२ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday July 16, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## सुकुम्वासी र अन्यको आत्महत्या/आत्मदाह प्रकरण :

# सरकारमाथि दुरूत्साहन मुद्दा चल्ने कि नचल्ने ? : कांग्रेस

### सरकारले सुकुम्वासी बस्तीमा डोजर चलाएपछि मृत्यु हुनेको संख्या ९ पुगेको कांग्रेस सांसद गुरुङको दाबी छ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसले सरकारले उचित विकल्प र व्यवस्थापन विना सुकुम्वासी वस्तीमा डोजर चलाएका कारण ९ जनाको ज्यान गइसकेको भन्दै सरकारमाथि आत्महत्या दुरुत्साहनको मुद्दा चल्ने कि नचल्ने भन्ने प्रश्न गरेको छ।

बुधबार प्रतिनिधिसभाको बैठकमा कांग्रेसकी सांसद गीता गुरुङले यो प्रश्न गरेकी हुन् । आफूहरूले प्रधानमन्त्री बालेनलाई निरन्तर प्रश्न गर्दै आएको, तर जवाफ नपाएको भनेर उनले सभामुखले रुलिङ गर्नुपर्ने माग राखेकी छन् ।

'संसद्मा निरन्तर सम्माननीय प्रधानमन्त्री ज्यूको खोजी भइरहेको छ। प्रतिनिधिसभा नियमावलीले प्रधानमन्त्रीलाई संसद प्रति उत्तरदायी बनाएको छ। त्यसैले प्रधानमन्त्रीलाई सदनमा उपस्थित भई सांसदका प्रश्नहरूको जवाफ दिन सभामुखज्यू मार्फत रुलिङको माग गर्दछु ।'- उनले भनिन्। प्रधानमन्त्री युवा पुस्ताको प्रतिनिधि भएकाले देशभरिका युवाले तपाईं प्रति ठूलो आशा गरेको उनले बताइन् ।

'पुरानो राजनीतिक शैलीभन्दा फरक नेतृत्व दिने अपेक्षा हामी सबैको थियो तर आज दुखका साथ भन्नु परेको छ, त्यो हुन सकेन ।'-उनले भनिन् । सरकारप्रतिको आशा विस्तारै निराशामा बदलिन थालेको भन्दै उनले देशमा दिन दिनै घटिरहेका घटनाले आशाभन्दा निराशा बढाइरहेको बताइन् ।

'प्रश्न उठ्दा त्यसलाई स्टन्टले छोपेर विषयान्तर गर्ने प्रयास सरकारको लागि अब पुरानो शैली बनिसकेको छ,' उनले भनिन्-'मन्त्रीहरूको सम्पत्तिमाथि प्रश्न उठ्दा सुकुमवासी बस्तीमा डोजर चल्यो ।' तत्कालिन सचिव कृष्ण हरि पुस्करलाई पक्राउ गर्दा प्रधानमन्त्री र मन्त्रीहरूको स्टाटसमा रमाइलो चलेको उल्लेख गर्दै उनले थपिन्- 'कीर्तिपुर स्थित सुकुम्वासी राखिएको ठाउँ डुबानमा पर्दा मानिसहरू आपतमा परे हाहाकार मच्चियो । यता आत्मदाहका ३ घटना त्रिपुरेश्वर बुद्धनगर र सर्लाहीमा हुँदा अहिले मिडियाको गेट र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापा ज्यूको निवास अघिल्तिर गाडी राखिएको फण्डा आएको छ ।' यी केही प्रतिनिधिमूलक उदाहरणहरू प्रस्तुत गर्दै उनले सरकार विषयान्तर गर्न माहिर रहेको बताएकी हुन् ।

सुकुम्वासीको बिचल्लीको चर्चा गरिरहँदा आफूले प्रधानमन्त्रीले संसद्को रोस्टमबाट भनेका अभिव्यक्ति सम्झिएको उनले बताइन् । बिना तयारी किन सुकुम्वासी बस्ती हठातमा खाली गरियो भन्ने प्रश्नको जवाफमा प्रधानमन्त्रीले नदी किनारमा डुबानको कारण सुकुम्वासीहरू समस्यामा पर्ने भएकोले उनीहरूको जीवन रक्षाको लागि स्थानान्तरण गरिएको भनेर दिएको अभिव्यक्ति स्मरण गरिन् ।

तर यसअघि नै डुबानमा पर्ने गरेको कीर्तिपुरको डुबान हुने क्षेत्रमा नै लगेर सुकुम्वासीहरुलाई किन राखिएको भन्ने उनको प्रश्न छ । सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाए पछि मृत्यु हुनेको संख्या ९ पुगेको भन्दै उनले उनीहरूको नाम लिइन् । १८ वर्षका रबिन तामाङ, ५७ वर्षीय इन्द्र बहादुर राई, ५० वर्षीय कमला बलम्पाखी, ६८ वर्षका कर्णबहादुर श्रेष्ठ, ३६ वर्षका भेषराज दर्जी, ६६ वर्षीय पार्वती विश्व, ३९ वर्षीय सुशीला थापा मगर, ७५ वर्षीय रतन देवी मलाहानीदेखि १८ महिनाका उज्ज्वल तामाङसम्मले राज्यले दिएको अव्यवहारिक नीतिको कारण ज्यान गुमाउनु परेको बताइन् ।

'यो राज्य संयन्त्रले गरेको संस्थागत हत्याको निन्दा गर्दछु,' उनले भनिन्- 'राज्यले डोजर चलाउन सुरु गरेपछि सुकुम्वासीहरुले शृंखलाबद्ध रुपमा गरेको आत्महत्या केवल आत्महत्या मात्र होइन सरकारद्वारा गरिएको आत्महत्या दुरुत्साहन हो । आत्महत्या दुरुत्साहनको मुद्दा सरकारमाथि अब चल्ने कि नचल्ने ?'

सुकुम्वासी बस्तीका बालबालिका सहज रुपमा स्कुल जान नपाएको भनेर उनले सरकारको ध्यानाकर्षण गरिन् । 'सयौं बिरामी परेका छन् वृद्ध वृद्ध सहारा खोजिरहेका छन् । आज सुकुम्वासी नागरिकहरु भन्दै हुनुहुन्छ यति धेरै निर्मम र निर्दय सरकार त अहिलेसम्म देखेकै थिएनौं त्यसैले तपाईंलाई आग्रह छ। इतिहासमा सफल प्रधानमन्त्री बन्ने बाटो रोज्नुहोस्,' बालेनलाई उनको सुझाव छ- 'असफलताको एक्सप्रेस वे होइन, गन्तव्यमा पुग्न गति मात्र उच्च भएर पुग्दैन । दिशा पनि ठिक हुनुपर्छ । तपाईंको एक्सप्रेस वेको दिशामा आज शंका उब्जिएको छ ।'

## होल्डिङ सेन्टरका सुकुम्वासीको १२ बुँदे माग

बुटवल। भक्तपुरको बोडेस्थित कृषि विकास तालिम केन्द्रको होल्डिङ सेन्टरमा राखिएका भूमिहीन सुकुम्वासीले सरकारसमक्ष १२ बुँदे मागपत्र बुझाएका छन् ।

मागपत्र बुझाउँदै उनीहरूले भू-स्वामित्वसहितको स्थायी पुनर्स्थापना, सम्मानपूर्वक बाँच्न पाउने अधिकार तथा बास अधिकारको सुनिश्चितता गर्न माग गरेका छन् ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेका सल्लाहकार उत्तम निरौला होल्डिङ सेन्टरको अनुगमनका क्रममा पुगेका बेला पीडितहरूले मागपत्र बुझाएका हुन् ।

मागपत्रमा भू-स्वामित्वसहितको स्थायी पुनर्स्थापनाको स्पष्ट योजना र समयसीमा सार्वजनिक गर्न माग गरिएको छ ।

## सुकुम्वासी समस्या समाधान गर्न संसदमा सार्वजनिक महत्वको प्रस्ताव दर्ता

बुटवल । सुकुम्वासीको मौलिक हक र मानवअधिकारको अवस्थाको खोजी र मौलिक हकको कार्यान्वयन खोज्दै संसदमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव पुगेको छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने, शिक्षा, स्वास्थ्य, खाद्य, सामाजिक सुरक्षा तथा उपयुक्त आवासको हक प्रदान गरेको छ। तर यसको कार्यान्वयन हुन नसकेको भन्दै नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङदेम्बेसहित कांग्रेसका सांसदहरूले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव संसद्मा लगेका हुन्।

प्रस्तावको समर्थकमा एमाले प्रमुख सचेतक ऐन मगर, नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राई छन् । संविधानको धारा ३७ ले 'प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ' भन्ने सुनिश्चितता गरेको छ। संविधानको धारा ३९ ले बालबालिकाको शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित स्याहारको हक, धारा ४० को उपधारा (५) र (६) ले भूमिहीन दलितलाई जमिन तथा आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्नुपर्ने राज्यको दायित्व र धारा ४१ ले ज्येष्ठ नागरिकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रदान गरेको छ। तर यसको कार्यान्वयन हुन नसकेको कांग्रेस सांसदहरूको निष्कर्ष छ।

नदी करिडोरको संरक्षण, सार्वजनिक जग्गाको व्यवस्थापन तथा जोखिमयुक्त स्थानबाट नागरिकलाई सुरक्षित क्षेत्रमा सार्नु राज्यको दायित्व भएको, तर त्यस्तो कार्य कानुन, न्यायिक प्रक्रिया, मानवीय मर्यादा, नागरिकको सहभागिता र सुरक्षित पुनर्स्थापनाको सुनिश्चितताबिना गर्न नमिल्ने कांग्रेसले बताएको छ।

घरटहराको कानुनी हैसियत विवादित हुन सक्ने तर त्यहाँ बस्ने नागरिकको मानवीय हैसियत र मौलिक अधिकार विवादित हुन नसक्ने उक्त प्रस्तावमा छ।

सरकारले काठमाडौं उपत्यकासहित देशभरका नदी किनार तथा अन्य स्थानका भूमिहीन र सुकुम्वासी बस्तीमा पर्याप्त तयारी, परामर्श र दीर्घकालीन पुनर्स्थापना योजनाबिना डोजर चलाएको कांग्रेसले बताएको छ। सरकारी तथ्यांकअनुसार बैशाख १२ देखि २५ गतेसम्म २ हजार ६१६ घरधुरीका ११ हजार १ जना विस्थापित भएको र उनीहरूलाई होटल, आश्रम, अपार्टमेन्ट तथा सरकारी तालिम केन्द्रमा अस्थायी रूपमा राखिएको स्मरण गराइएको छ।

सात होल्डिङ सेन्टरमा प्रारम्भमा ३८८ परिवारका करिब १ हजार ४८८ जना आश्रित थिए। जिल्ला प्रशासनले १० देखि १५ दिनभित्र प्रमाणित भूमिहीनको उचित बसोबास मिलाउने बताए पनि दुई महिनाभन्दा बढी समयसम्म स्थायी पुनर्स्थापना हुन सकेन।

संसदीय अनुगमनले होल्डिङ सेन्टरमा एउटै कोठामा पाँच परिवारसम्म राखिएको, स्वच्छ पानी, पर्याप्त शौचालय, पौष्टिक खाना, औषधि र स्वास्थ्य सेवाको अभाव रहेको पाइएको भन्दै जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसद्मा लगिएको हो।

सुकुम्वासी बस्दै आएको होल्डिङ सेन्टरमा राहत तथा विपद् व्यवस्थापनमा अनधिकृत व्यक्तिको भूमिका रहेको भनेर कांग्रेसले प्रश्न उठाएको छ। गृह मन्त्रालयको सचिवालयसँग सम्बन्धित तथा सत्तारूढ दलका सदस्यका रूपमा चिनाइएका व्यक्तिलाई होल्डिङ सेन्टरमा विशेष पहुँच दिइएको, तर राहत र मानवअधिकारको अवस्थाबारे बुझ्न पुगेका अभियन्तालाई बाहिर निकालिएको आरोप कांग्रेसको छ। यीलगायतका विषयमा छलफल गर्ने कांग्रेसको प्रस्ताव छ।

» बाँकी ३ पेजमा

## कांग्रेसले सबै प्रदेशमा एमालेसँग गठबन्धन तोड्ने



बुटवल। नेपाली कांग्रेसले सातवटै प्रदेशमा नेकपा एमालेसँगको सहकार्य तोड्ने भएको छ।

प्रदेश सरकारहरूमा नेकपा एमालेले देखाएको व्यवहार ठिक नभएको भन्दै कांग्रेसले सबै प्रदेशबाट आफ्नो पार्टीका मन्त्री फिर्ता बोलाउने भएको हो ।

पार्टी स्रोतका अनुसार, शीर्ष नेताहरूबिच निरन्तर भएको छलफलमा सहमति जुट्न नसकेपछि एमालेसँगको सहकार्यबाट कांग्रेस पछि हट्ने भएको हो ।

'हाम्रा सातवटै प्रदेश सरकारमा भएका मन्त्रीहरूलाई फिर्ता बोलाउँछौं ।'- कांग्रेसका एक पदाधिकारीले भने ।

बुधबार मात्रै कर्णाली सरकारबाट कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएका थिए भने सुदूरपश्चिम प्रदेश सरकारमा एमालेका मन्त्रीहरूलाई कांग्रेसका मुख्यमन्त्रीले बर्खास्त गरेका थिए ।

कर्णालीमा एमालेको र सुदूरपश्चिममा कांग्रेस नेतृत्वको सरकार छ। अब बाँकी अन्य प्रदेशमा पनि एमाले-कांग्रेसबिच भएको सहमति तोडिने भएको हो।

प्रदेश सरकारमा नेकपासँग समझदारी भएको खण्डमा सरकारमै रहनेगरी छलफल अघि बढाइएको र नभए सबै प्रदेशमा प्रतिपक्षी बेञ्चमा बस्ने अनौपचारिक छलफलको निष्कर्ष रहेको तीन नेताले जानकारी दिए।

## प्रादेशिक अस्पतालमा सुशासनसहित २४ माग गर्दै बुझाइयो ज्ञापनपत्र



बुटवल । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) रुपन्देहीले लुम्बिनी प्रादेशिक अस्पतालमा सुशासनसहित सेवा प्रवाहलगायतका समस्या तत्काल समाधान गर्न माग गर्दै अस्पताल प्रशासनलाई २४ बुँदे ज्ञापनपत्र बुझाएको छ।

पार्टीका जिल्ला सेक्रेटरी वीरेन्द्र सीले अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्टलाई सम्बोधन गर्दै बुझाएको ध्यानाकर्षण पत्रमा स्वास्थ्य सेवा संविधानले प्रत्याभूत गरेको मौलिक अधिकार भएकाले सरकारी अस्पतालबाट सेवा लिन आउने प्रत्येक नागरिकले सहज, छिटो, गुणस्तरीय र सम्मानजनक उपचार पाउनुपर्ने माग गरिएको छ।

लुम्बिनी प्रदेशका साथै छिमेकी जिल्लासमेतका हजारौं नागरिकको उपचारको मुख्य केन्द्रका रूपमा रहेको अस्पतालमा सेवाग्राहीबाट निरन्तर गुनासा आउने गरेको, स्थलगत अवलोकनमा पनि सेवा प्रवाहमा कमजोरी देखिएको भन्दै सुधारका लागि २४ बुँदे माग अघि सारेको सेक्रेटरी विकले बताए।

ध्यानाकर्षण पत्रमा अस्पतालको ओपिडी सेवा पूर्णरूपमा प्रविधिमैत्री बनाउन माग गरिएको छ । टिकट वितरण प्रणालीलाई व्यवस्थित गर्दै क्यूआरमार्फत शुल्क भुक्तानी, डिजिटल टोकन, अनलाइन पूर्वदर्ता तथा एसएमएसमार्फत पालो जानकारी दिने प्रणाली लागू गर्नुपर्ने माग गरिएको छ।

यस्तै, इमर्जेन्सी सेवामा बिरामीको चापअनुसार पर्याप्त चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, बेड तथा उपकरण थप गर्न, पित्तथैली, मिर्गौलाको पत्थरी, पाठेघर तथा हाडजोर्नीलगायतका शल्यक्रियाको क्षमता विस्तार गरी बिरामीले महिनौं पालो कुर्नुपर्ने अवस्था अन्त्य गर्न पनि माग गरिएको छ।

ध्यानाकर्षण पत्रमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, बालबालिका तथा गम्भीर बिरामीलाई प्राथमिकताका आधारमा झन्झटरहित सेवा उपलब्ध गराउनुपर्ने उल्लेख छ। त्यसैगरी सहिद तथा बेपत्ता परिवार, अति विपन्न परिवार र ज्येष्ठ नागरिकलाई पूर्ण निःशुल्क उपचार उपलब्ध गराउनुपर्ने तथा आईसीयू, सिटी स्क्यान, एमआरआईलगायत सबै अत्यावश्यक सेवामा निःशुल्क सुविधा सुनिश्चित गर्नुपर्ने माग गरिएको छ।

माओवादीले मिर्गौला रोगीका लागि डायलाइसिस सेवा अपर्याप्त रहेको उल्लेख गर्दै बेड, विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी र उपकरण तत्काल थप गर्न माग गरेको छ। साथै क्यान्सर, मुटुरोग, मस्तिष्कघात, कलेजो तथा दीर्घ श्वासप्रश्वास रोगका बिरामीले अन्यत्र धाउनुपर्ने अवस्था अन्त्य गरी आवश्यक विशेषज्ञ सेवा यही अस्पतालबाट नियमित उपलब्ध गराउनुपर्ने माग पनि अघि सारेको छ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

# नतिजामुखी साइबर कानुन बनाऊ

बालबालिका, युवा र प्रौढ अहिले सबैको हातमा स्मार्ट फोन छ। इन्टरनेटको पहुँच छ। उनीहरु सामाजिक सञ्जालमा जोडिएका छन्। सामाजिक सञ्जालबाट नै देश विदेशमा रहेका आफन्त, परिवारका सदस्यहरु जोडिएका छन्, कुराकानी गरेका छन्। सञ्चो बिसञ्चोदेखि समाज र देशका बारेमा कुराकानी भइरहेको छ। अहिले चिठीपत्र हराइसक्यो। हात–हातमा भएको मोबाइलले नै सबैलाई जोडेको छ। अहिले स्मार्ट फोन र इन्टरनेटको पहुँचले सम्पर्क सञ्जाल जति कसिलो र फराकिलो भएको छ, त्यसैगरी,ती साधनको प्रयोगले समाजमा अपराध बढ्दो छ। अहिले साइबर अपराधले समाज समस्यामा जेलिएको छ।

नेपाल प्रहरी साइबर ब्यूरोको तथ्याङ्कअनुसार, आब २०७९।०८० मा साइबर अपराधका घटनाको उजुरी नौ हजार थिए। अहिले यो तथ्याङ्क २५ हजार नाघेको छ। भौतिक उपस्थिति विनै व्यक्तिको आर्थिक, सामाजिक र व्यक्तिगत जीवनमाथि प्रहार गर्ने प्रवृत्ति मौलाउँदा समाज गिजोलिएको छ। सामाजिक सञ्जालको प्रयोग गरी मानसिक पीडा दिने, चरित्र हत्या गर्ने, हिंसा फैलाउने कार्य गर्ने, यौनजन्य अश्लील कुराहरु सेयर गर्ने, एटीएम ह्याक गरेर बैंकबाट पैसा लैजाने जस्ता क्रियाकलाप बढिरहेका छन्। पहिला जति पनि अपराधहरु हुन्थे, त्यसमा अपराधीको भौतिक उपस्थिति अनिवार्य हुन्थ्यो। चोरी गर्नका लागि व्यक्तिको घरमै जानुपर्थ्यो। आज त्यही कुरा प्रविधिले यति सजिलो बनाइदिएको छ कि जहाँसुकै भए पनि आफूसँग एउटा मोबाइल र इन्टरनेट भयो भने पहिला जति अपराध हुन्थ्यो, त्यति नै जहाँ बसेर पनि गर्न सकिने प्रविधिले बनाइदिएको छ। परम्परागत अपराध र साइबर अपराधको फरक यही हो। काम त्यही नै हो, तर प्रविधिले त्यसलाई फरक गर्दियो। हामीले सुरक्षाका लागि बैंकमा राखेको पैसा पनि हाम्रो सानो कमजोरीले असुरक्षित हुने जोखिम बढेको छ। कसैले बैंकबाट बोलेको भन्दै ओपिटी कोड माग्यो भन्दै दिने प्रवृत्ति उत्तिकै छ। यसो गर्दा बैंकमा रहेको खाताबाट पैसा चोरी भएको छ। सामाजिक सञ्जालबाट ठगी गर्ने, धम्की दिने, महिला बेचबिखन गर्ने, तस्करी गर्ने, फिरौती माग्ने जस्ता अपराधहरु भइरहेका छन्। तीन वर्षको एक तथ्याङ्कअनुसार, सोसल मिडियाको कुरा गर्दा २०२३ मा १२.६० प्रतिशत फेसबुक प्रयोगकर्ताहरु देखिन्छन्। त्यसमा मेटाको फेसबुक चलाउने ११.८५ मिलियन नेपालमा छन्। त्यस्तै म्यासेन्जर चलाउने ९.३५ मिलियन छन्। त्यस्तै इन्स्टा चलाउने २.१५ मिलियन छन्। ट्वीटरमा ५५३.६ हजार प्रयोगकर्ता देखिन्छन्।

सबैभन्दा बढी साइबर अपराध हुने प्लेटफर्म भनेको फेसबुक र म्यासेन्जर हो। किनभने, प्रयोगकर्ता पनि फेसबुक र म्यासेन्जरकै भएको अध्ययन छ। नेपालमा विद्युतीय कारोबार ऐन २०६३ मा बनेको हो। यो विद्युतीय कारोबारलाई नियमन गर्नका लागि बनाइएको ऐन हो। यो ऐनको दफा ४४ देखि ५९ सम्मका केही दफाहरुलाई टेकेर अहिलेसम्म साइबर ब्यूरोले मुद्दा चलाउँदै आएको स्थिति छ। साइबर अपराध नियन्त्रणका लागि यो ऐन कामयाव छैन्। विद्युतीय कारोबारसम्बन्धी ऐनमा जस्तोसुकै साइबर क्राइम गरे पनि बढीमा सजाय हुने भनेको २ लाख रुपैयाँ जरिवाना र ५ वर्षसम्म कैद हो। यो फितलो कानुनी व्यवस्थाकै कारण डरलाग्दा साइबर अपराध भएका छन्। साइबर अपराध नियन्त्रण गर्न साइबर कानुन बलियो बनाउन आवश्यक छ। जसले समाजमा अपराध न्यूनीकरण गर्न सकोस्, अपराधीलाई पक्राउ गरी कारबाही गरेपछि पुनः अपराधमा फर्कन नसकोस् भनेर कानुन बनाउनुपर्छ। फितलो कानुनको सहारामा समाजलाई साइबर अपराधबाट मुक्त गर्न सकिन्न। सिंगो समाज प्रभावित भएको साइबर अपराधलाई नियन्त्रण गर्न साइबर कानुन बनाउन ढिलाई नगरौं। संसदलाई बिजनेश चाहिएको छ, सरकार संसदलाई बिजनेश देऊ, साइबर कानुन छिटो बनाऊ।

# नेप्से परिसूचक १४ अङ्कले बढ्यो



काठमाडौं। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ अङ्कले बढेर दुई हजार ५९० दशमलव २९ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५९ अङ्कले उकालो लागेर ४५३ दशमलव ९४ मा पुगेको छ।

त्यस्तै फ्लोट सूचक एक दशमलव ०७ अङ्कले बढेर १७७ दशमलव ९६ मा पुगेको छ। त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९० अङ्कले बढेर १५३ दशमलव ५० मा पुगेको छ। विभिन्न कम्पनीका ८४ लाख ७३ हजार १६ कित्ता सेयर रु चार अर्ब १७ करोड तीन लाख ९८ हजार ४९ मूल्यमा खरिद बिक्री भएको छ। १३ उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने एक उपसमूह घटेको छ भने अर्को एक उपसमूह स्थिर रह्यो। आज १९५ कम्पनीको सेयर बढ्यो भने ६० कम्पनीको सेयर घट्यो।

त्यसैगरी, १९ कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार एनएमबी डिबेञ्चर, नारायणी विकास बैंक र थ्रिस्टार हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् भने उपकार लघुवित्त वित्तीय संस्था, एनआइबिएल स्टेबल फण्ड र एनआइसी एसिया सेलेक्ट फण्डका लगानीकर्ताले गुमाएका छन्।

# कसरी बनाउने विश्वस्तरीय विश्वविद्यालय ?



प्राडा पारसनाथ यादव

तर, नेपालीले बनाएको केन्द्रीय प्रशासनिक भवन भने ध्वस्त भयो। यसको कारणबारे अनुसन्धान जरुरी छ। यसमा के कमजोरी थियो, जसले गर्दा यो भवन ध्वस्त भयो र विदेशीले बनाएका भवन ध्वस्त भएनन्। यस किसिमका कारण खोज्ने हो भने भविष्यका निर्माणमा आर्थिक बचतका साथै कमजोरीबाट मुक्त हुन सहज देखिन्छ। यसर्थ विश्वस्तरीय विश्वविद्यालय निर्माणमा संरचनात्मक पुनर्निर्माणको आवश्यकता पनि महत्वपूर्ण पक्ष हो।




**विश्वस्तरीय विश्वविद्यालय** : शिक्षा मानवको आधारभूत अधिकार हो। यसले व्यक्तिको क्षमता अभिवृद्धि गर्छ, समुदायको मार्गबोधमा सघाउँछ र समावेशी समाज निर्माणमा प्रोत्साहन गर्छ। शिक्षा जीवनपर्यन्तको द्वन्द्वात्मक प्रक्रिया हो। यसले व्यक्तिलाई ज्ञान, क्षमता र मूल्यबारे प्रशिक्षित गराउँदै असल भविष्य निर्माणमा उत्प्रेरित गर्छ। शिक्षाले व्यक्तिलाई नकारात्मक जीवनमार्गबाट अलग गराउँदै सकारात्मक सोचका साथ सबल र समर्थ बनाएर समाजमा विशिष्ट योगदान दिन उत्प्रेरित गर्छ। समयमै आनन्दको अनुभूति र दुःखबोध गराउने क्षमता शिक्षामा निहित हुन्छ भन्ने प्लेटो र स्वस्थ शरीरको स्वस्थ विचार नै शिक्षा हो भन्ने अरिस्टोटलको मान्यता यस सन्दर्भमा स्मरणीय छन्। यी मान्यताबाट समयबोध गर्दै शिक्षामा प्रतिबद्ध हने समाज नै मानव सभ्यताका आधार हुन्।

विश्वविद्यालय मानव सभ्यतामा विकसित र सफल समाजको उत्पादन या प्रतिफल हो। विश्वका उच्चस्तरका विश्वविद्यालय राष्ट्रिय सम्पत्तिको उच्च गौरव तथा प्रतिष्ठासँग सम्बद्ध देखिन्छन्। उच्च शिक्षा मानव विकाससँगै वैश्विक र राष्ट्रिय उद्योग तथा सेवाका लागि महत्वपूर्ण आधार हो। राष्ट्रिय आम्दानीको विकासमा यसले मुख्य भूमिका खेलेको हुन्छ। उच्च शिक्षाको आकर्षण अभिवृद्धिमा संस्थागत प्रशिक्षण, गरिमा तथा अत्याधुनिक समृद्ध प्रविधि नै मुख्य रहेका छन्। यसर्थ, उच्च शिक्षा आममानिसको अवसर तथा चाहनाको विषय भएको तथ्य बिर्सन मिल्दैन। यो तथ्य उच्च शिक्षाको नवप्रवर्तनअनुसारका विविध ढाँचाबाट स्पष्ट हुन्छ।

उच्च शिक्षामा निजीकरण गरिएपछि विश्वव्यापी रूपमै विद्यार्थी आकर्षणका लागि विश्वविद्यालयबिच प्रतिस्पर्धात्मक प्रशिक्षण, तालिम र अवसरको बजार देखापरेको हो। विश्वविद्यालयहरू बौद्धिक सम्प्राप्ति र अनुसन्धानबिच प्रतिस्पर्धी रहेका छन्। आज समृद्ध ज्ञान निर्माणमा विश्वविद्यालयको भूमिका उच्च र नेतृत्वदायी रहेको छ। अठारौँ शताब्दीका अन्त्यसम्ममा युरोपमा १४३ विश्वविद्यालय रहेको देखिन्छ। सन् १९४५ सम्म विश्वभरि नै करिब ५०० विश्वविद्यालयको अवस्थिति देखिन्छ। अहिले भारतमा मात्रै एक हजार १५० विश्वविद्यालय रहेका छन्। हाम्रो देशमा प्रतिष्ठानसहित २२ विश्वविद्यालय छन्। यसरी विश्वव्यापी रूपमा विश्वविद्यालयको संख्या बढ्दै गरे पनि सबै विश्वविद्यालयको गुणस्तर एउटै छैन। गुणात्मक शिक्षाका सन्दर्भमा हार्वर्ड, याले, प्रिन्स्टन, स्ट्यानफोर्ड, एमआइटी, कोलोम्बिया, अक्सफोर्ड, क्याम्ब्रिज आदि औँलामा गन्न सकिने विश्वविद्यालय मात्र उल्लेख्य छन्। उच्चस्तर तथा गुणात्मक शिक्षाका सन्दर्भमा यी विश्वविद्यालयको संसारभर उच्च प्रतिष्ठा र मूल्यवान् स्थान निर्माणमा नेतृत्वदायी निरन्तरता रहेको छ।

विश्वस्तरीय विश्वविद्यालय निर्माणमा प्रतिबद्ध अनुसन्धान, प्रतिस्पर्धी संकाय सदस्य, कडा सुशासन, प्रशस्त लगानी र उत्तम शिक्षणको प्रतिबद्धता आवश्यक हुन्छ। यसमा पनि नयाँ कार्य, उद्योगमा सहभागिता र विश्वव्यापी विद्यार्थी वितरणलाई आधार बनाएर उच्चस्तरीय शैक्षिक मापदण्ड र विश्वव्यापी पहिचान या स्तरीकरणको आवश्यकता पूर्तिमा विशेष जोड रहेको हुन्छ। दक्ष प्रविधि प्रयोगका साथै नवीन पद्धतिको उल्लेख्य आधारबाट बौद्धिक मानक खडा गर्न सकिन्छ। विश्वस्तरीय विश्वविद्यालय राष्ट्रको तहमा मात्र नभई विश्वस्तरमा बौद्धिक सम्पत्तिका रूपमा प्रतिस्पर्धी रहेका हुन्छन्। यी विश्वविद्यालयको ज्ञान उत्पादन र सहकार्यमा उच्च दक्ष जनशक्ति निर्माण अर्थात् समाजको आवश्यकताअनुसार नेतृत्व र बौद्धिक योगदानमा विशेष भूमिका रहेको हुन्छ।

विश्वस्तरीय विश्वविद्यालयका विकासमा केही रणनीतिमूलक कार्य आवश्यक देखिन्छ। संकायका सदस्यको क्षमता अभिवृद्धि, अनुसन्धान विज्ञको सुविधा, अन्तर्राष्ट्रिय सहकार्यमूलक सहभागिता, मानवीय दक्षता, व्यापक अन्तर्राष्ट्रिय आयाम र स्रोतको उपयोगितामा जोड दिई विश्वविद्यालयको स्तरीकरणमा भूमिका खेल्नुपर्ने हुन्छ। यसका लागि बौद्धिक सम्पत्ति नै राष्ट्रको ऊर्जा हुने र सभ्यतामा केन्द्रीय भूमिका खेल्ने यथार्थ बोध हुन जरुरी छ। अनुसन्धानको अभिवृद्धि, नवप्रर्वतन, वैश्विक सहकार्य, विशिष्टीकरण र केन्द्रीय पक्षमा जोड दिनुपर्ने हुन्छ। यसरी नै अस्तित्वमूलक विश्वविद्यालय, संस्थागत पहिचानजस्ता पक्षमा संश्लेषण गर्दै रणनीति तयार पार्नुपर्ने हुन्छ। उत्तम कार्यको प्रतिबद्धतासहितको दूरदर्शी नेतृत्व, सहकार्यको प्रोत्साहन, समस्याको सम्बोधन, मानवीय जनशक्तिलाई प्राथमिकता दिने देशले विश्वस्तरीय विश्वविद्यालय निर्माण गर्न सक्छ। यसबाट विश्वस्तरीय स्तरण र ज्ञान निर्माणमा योगदान पुग्न सक्छ। यसका अतिरिक्त अन्य पक्षमा भौतिक तथा डिजिटल संरचना, नवप्रवर्तनात्मक ज्ञान, प्रशिक्षित संरचना, बौद्धिक सम्पत्तिको संरचना र भावनात्मक संरचना नै विश्वसनीयताको आधार हो। यसलाई सम्बोधन गर्दा नै विश्वविद्यालय विश्वस्तरको भूमिकामा आउन सक्छ।

हाम्रो चासो : विश्वविद्यालय कसरी चलेको छ ? हामी कसरी अघि बढ्दै छौँ ? वर्तमानमा हामी कसरी सफल हुन सक्छौँ ? हामी कसरी खुसी हुन्छौँ र हामीले कस्तो किसिमको जीवनशैली चाहेका छौँ ? भन्ने पक्ष वर्तमानमा अनिर्धारित नै छ। औपचारिक शिक्षाका कारण उपयुक्त योग्यता र उच्चस्तरको आम्दानीको स्रोतमा पहुँच भई जीवन सुखी हुन्छ भन्ने सामाजिक भाष्य रहेको छ। यसमा वास्तविकता भने अर्कै छ। विश्वविद्यालयमा हाम्रो जीवन जेनतेनको यात्रा मात्र बनेको छ। यो क्याम्पस संस्कृतिका रूपमा परिचित रहेको छ र यो संस्कृति हाम्रा सन्दर्भमा धेरै वर्षको परिणतिबाट बनेको हो। विश्वविद्यालयमा क्याम्पस नेतृत्वले कसरी आफ्ना संकाय सदस्यलाई हौसला दिएको छ या शिक्षणको नवीन पद्धतिमा सघाएको छ ? भन्ने पक्ष विशेष स्मरणीय छ। यसले सिर्जना गरेको पक्षधरता पनि बिर्सन मिल्दैन। यसबाट पाठ सिकेर क्याम्पस कल्चरको निर्माण गर्नैपर्ने हुन्छ र प्रत्येकले नवप्रवर्तनको संस्कृति निर्माणमा योगदान दिनुपर्नेमा अनुभूति सँगालेर मात्र पुग्दैन। यसका लागि प्रतिबद्ध अनुसन्धान मार्ग र संश्लेषणात्मक ज्ञान निर्माणको सहज वातावरण आवश्यक छ। यसमा जनता, राष्ट्रपतिदेखि डिन, प्रोफेसर अनि विद्यार्थीसम्मको प्रतिबद्ध उत्तरदायित्व जोडिएको छ। विश्वविद्यालय निर्माणमा प्रत्येकसँग केही न केही योगदानको स्थिति रहेको छ। यसलाई राज्यले उपयोग गर्ने वातावरण भने सहज देखिँदैन।

वर्तमानमा त्रिभुवन विश्वविद्यालयले विभागीय सदस्यको परिपूर्तिमा फास्टट्र्याकबाट लिने नीति या विषय स्वागतयोग्य छ। यसका साथै विश्वविद्यालयमा परिभाषित हुनुपर्ने विषय विश्वस्तरका सदस्यसँग सहसम्बन्ध, एकेडेमिक कार्यक्रमको परिशुद्धि, उच्च प्रभावकारी अनुसन्धान र विद्यार्थी पक्षलाई सशक्तीकरण गर्नुपर्ने देखिन्छ। सबल चरित्रको विकास सद्भाव, उच्च संस्कार, नवप्रवर्तन, आलोचनात्मक चेत र बौद्धिक स्वतन्त्रताबाट हुने गर्छ। अनुसन्धान प्रकाशनको संख्यात्मक आधार होइन, यो त तथ्यपरक अनुसन्धानबाट खोजिएको नयाँ मान्यतासँगै जोडिएको परम्परा बोध हो। विश्वविद्यालय र समाजबिच द्वन्द्वात्मक सम्बन्ध हुन्छ। जस्तो विश्वविद्यालय हुन्छ, त्यस्तै जनशक्ति उत्पादन गर्छ र त्यहीअनुरूपको समाज बन्छ।

अभिभावक र विद्यार्थीको विश्वविद्यालयप्रतिको दृष्टिकोण भविष्यको मार्ग र जागिरसँग जोडिएको पहिलो विषय हो। यसलाई प्राध्यापकको विश्वविद्यालयसँग जोडिएको अनुभवका साथै बौद्धिक हस्तान्तरणको अवसरबाट हेर्न सकिन्छ। यसका साथै जीवनपर्यन्त शिक्षाको समय र स्थानका विषयमा पनि स्पष्ट हुन आवश्यक छ। विद्यार्थी र व्यक्ति मात्र होइन, उच्च शिक्षाबाट समाजको प्रगतिसँगै राष्ट्र पनि लाभान्वित हुन्छ। विश्वविद्यालयका स्टेकहोल्डर विद्यार्थी, प्राध्यापक र प्रशासनबिचको बौद्धिक सम्पत्ति नै संस्थागत विकासको आधार हो। पेसामा इमानदार हुँदा समाजमा देखिएका अन्य विकृतिको पर्दाफास र उन्मूलन गर्दै उच्च गुणात्मक सेवा दिन सकिने तथ्य पनि स्मरणीय छ। विश्वविद्यालयको नेतृत्वले तिनीहरूसँग प्रश्न गर्न पछि पर्नुहुँदैन। यो विश्वविद्यालयको लक्ष्य के हो ? हाम्रा विद्यार्थीको लक्ष्य के हो ? विभागीय सदस्यका तर्फबाट यी लक्ष्य बोध भएका छन् या छैनन् ?

यी मार्गाधारको हामीले कसरी सम्बोधन गर्न सक्छौँ ? विश्वविद्यालयप्रति अनेक प्रकारका आक्रमण भएका छन्। विविध राजनीतिक क्षेत्रबाट भएका यस्ता आक्रमण सोचनीय छन्। विश्वविद्यालयको प्राथमिक पक्ष विविधता, समानता र समावेशिता हो। उच्च शिक्षाले जीवनका विविध क्षेत्रमा स्नातक हुनुको जीवनशैलीको विकास भने गर्नैपर्छ। अहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको परिणाम ५० प्रतिशतभन्दा तलैदेखिबाट विश्वविद्यालयको ५० प्रतिशत लगानी खेर गएको प्रस्ट हुन्छ। यी संघटकका आधारमा हेर्दा विद्यार्थीको उत्तीर्ण प्रतिशतमा विश्वविद्यालयको प्रशासन, विभागीय सदस्य, विद्यार्थी सम्बद्ध देखिए पनि भाष्य भने विद्यार्थीले राम्रो पढ्दैनन् भन्ने बनेको छ। क्याम्पस तथा विभागमा पठनपाठनको स्थिति कस्तो छ ? शिक्षण प्रभावकारी बन्यो कि बनेन ? शिक्षण राम्रोसँग पूरा भयो या भएन भन्ने विषयमा अनुगमन भएको देखिँदैन। विद्यार्थी असफल हुनुको मुख्य कारण नै यो हो। सबैजसो विकसित देशमा सफल प्रतिशत ९० भन्दा बढी हुन्छ। यसलाई कायम गर्न सबै पक्षको योगदान र भूमिका मुख्य हुन्छ। यसमा विश्वविद्यालयमा देखिएको अर्को संस्कृति आंशिक समय शिक्षण र कन्ट्र्याक्ट फ्याकल्टी उल्लेख्य हुनु पनि हो। आंशिक शिक्षण या कन्ट्र्याक्ट संस्कृति कुनै मेरिटोक्रेसीको मापन होइन, वर्ण र राजनीतिको मापन भने हो।

विश्वविद्यालयबाट अवकाश भएका जनशक्तिलाई विभागबाट विविध तहका क्षेत्रमा समावेश गर्न सकिन्छ। यसमा उसको जीवनपर्यन्तको पेसाप्रतिको निष्ठा, प्राप्ति र अब्बल कार्यको अभिलेख पनि उल्लेख्य रहन्छ। विश्वका अब्बल विश्वविद्यालयमा सेवानिवृत्तका लागि प्राध्यापक 'एमिरिट्स'को विशिष्ट व्यवस्था हुन्छ। हाम्रो विश्वविद्यालयले भने यसलाई महत्व दिएको छैन। यसबाट उच्च दक्ष सेवानिवृत्त प्राध्यापकले विश्वविद्यालयको 'प्लाटफर्म' उपयोग गर्न सक्छ र विश्वविद्यालयलाई कुनै आर्थिक भार नपर्ने गरी अनुसन्धानलाई निरन्तरता दिन सक्छ।

विश्वविद्यालयका संरचनामा अर्को रोग भनेको विकसित भ्रष्टाचारको संयन्त्र तथा सञ्जाल हो। उदाहरणका लागि त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र ब्लक, ल्याबरोटरी स्कुल, युएसएबाट निर्माण भएका हुन्। होस्टेल, प्रोफेसर आवास, गान्धी भवन, केमेस्ट्री विभाग, आदि भारतीय सहयोगबाट बनेका हुन्। २०७२ को भूकम्पमा विदेशीले बनाएका यी संरचना भत्किएनन्। तर, नेपालीले बनाएको केन्द्रीय प्रशासनिक भवन भने ध्वस्त भयो। यसको कारणबारे अनुसन्धान जरुरी छ। यसमा के कमजोरी थियो, जसले गर्दा यो भवन ध्वस्त भयो र विदेशीले बनाएका भवन ध्वस्त भएनन्। यस किसिमका कारण खोज्ने हो भने भविष्यका निर्माणमा आर्थिक बचतका साथै कमजोरीबाट मुक्त हुन सहज देखिन्छ। यसर्थ विश्वस्तरीय विश्वविद्यालय निर्माणमा संरचनात्मक पुनर्निर्माणको आवश्यकता पनि महत्वपूर्ण पक्ष हो।

नयाँ पत्रिकाबाट

# क्याल्सियमको कमी हुँदा कस्ता समस्या देखिन्छ ?

क्याल्सियम शरीरको लागि अति आवश्यक तत्त्व हो। यसले हड्डी र दाँतलाई मजबुत बनाउन मद्दत गर्छ। शरीरमा पाइनेमध्ये अधिकांश क्याल्सियम हड्डीमा पाइन्छ। क्याल्सियमकै कारण मुटु, मांसपेशी, रगत तथा स्नायुकोषहरूले पनि शरीरमा स्वस्थ रूपमा काम गरिरहेका हुन्छन्।

पोषणविद् आयुष अधिकारीका अनुसार शरीरमा क्याल्सियमको कमीले हड्डी कमजोर हुने, मांसपेशी बाउँडिने र झम्झमाउने समस्या देखिन्छ। यसको कमी हुन नदिन दैनिक आहारमा दूध, दही, चिज र पनिर जस्ता दुग्धजन्य पदार्थ, हरियो सागसब्जी, बदाम र तिल समावेश गर्नुपर्छ।

**क्याल्सियमको कमी हुँदा देखिने समस्याहरू**

**मांसपेशी र जोर्नी दुख्नेः**

हिँडडुल गर्दा विशेष गरी तिघ्रा र पाखुराका मासु दुख्ने वा बाउँडिने हुन्छ।

**हड्डी कमजोर हुनेः**

शरीरमा क्याल्सियम नपुग्दा हड्डीको घनत्व घट्छ, जसले गर्दा ढाड तथा जोर्नी दुख्ने र हल्का चोटपटक लाग्दा पनि हड्डी भाँचिने जोखिम बढ्छ।

**दाँत कमजोर हुनेः**

गिजा दुख्ने, दाँतको जरा कमजोर हुने र दाँत खिइने समस्या आउँछ।

**थकान र मानसिक समस्याः**

अत्यधिक थकान, कमजोरी महसुस हुने, मुड स्विङ हुने र चिडचिडापन बढ्ने हुन्छ।

छाला तथा नङसम्बन्धीः छाला सुक्खा हुने र नङहरू सजिलै टुट्ने हुन्छन्।

**कमी हुन नदिन खानेकुराहरू**

**दुग्धजन्य पदार्थः**

दैनिक एक गिलास दूध, दही वा पनिर सेवन गर्नुहोस्, यी क्याल्सियमका मुख्य र सजिलै पच्ने स्रोत हुन्।

**हरियो सागसब्जीः**

ब्रोकाउली, बन्दागोभी र गाढा हरियो पालुङ्गोको तरकारी नियमित खानुहोस्।

**बदाम र गेडागुडीः**

बदाम, ओखर र विभिन्न किसिमका सिमीमा प्रशस्त क्याल्सियम र प्रोटिन पाइन्छ।

**फलफूलः**

सुन्तला र किवी जस्ता फलफूलको सेवा लाभदायक हुन्छ।

**बीउहरूः**

तिल र आलसको प्रयोग गरेर क्याल्सियमको मात्रा बढाउन सकिन्छ। स्वास्थ्य खबरबाट

# गोलभैँडा फालेर विरोध प्रदर्शन




किसानले काठमाडौँको माइतीघर मण्डलमा गोलभैँडा फालेर प्रदर्शन गरेका छन् । बुधबार किसानले विरोध जनाउँदै माइतीघरमा गोलभैँडा फालेका हुन् । उनीहरूले गोलभैँडाको उचित मूल्य नपाएको गुनासो गरेका छन् । आन्दोलनरत किसानले गोलभैँडा तथा अन्य तरकारीको न्यूनतम समर्थन मूल्य तोक्न, कृषि बिमा लागू गर्न माग गरेका छन् । यससँगै उनीहरू किसानलाई पर्याप्त अनुदान दिन माग गरेका छन् ।

# महासंघको स्थापना दिवसमा सरसफाइ




बुटवल । नेपाल उद्योग व्यापार महासंघको पाँचौं स्थापना दिवसको अवसरमा उद्योग व्यापार संघ बुटवलले बुधबार बुटवलको पुष्पलाल पार्कदेखि ट्राफिकचोकसम्मको डिभाइडरमा गरिएको बृक्षारोपण क्षेत्रमा संरक्षण तथा सरसफाइ कार्यक्रम गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजित कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य तथा व्यवसायीहरूको सहभागिता रहेको थियो ।

संघले सार्वजनिक स्थलको संरक्षण, वातावरणीय स्वच्छता र हरित क्षेत्रको प्रवर्द्धनमा निजी क्षेत्रको दायित्वलाई व्यवहारमा उतार्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ । कार्यक्रममा सहभागीहरूले हरियाली पार्क परिसरको सरसफाइ गर्नुका साथै वातावरण संरक्षणसम्बन्धी जनचेतना फैलाउने सन्देश दिएका थिए ।

उद्योग व्यापार संघ बुटवलका अध्यक्ष लोकनाथ पन्थीले उद्योगी-व्यवसायीको भूमिका व्यापारमा मात्र सीमित नरहने भन्दै समाज र वातावरणप्रतिको उत्तरदायित्व पनि उत्तिकै महत्वपूर्ण रहेको बताए ।

'स्वच्छ र हरित शहर निर्माणमा निजी क्षेत्रको पनि समान जिम्मेवारी हुन्छ । उद्योग व्यापार संघले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनेछ ।'-अध्यक्ष पन्थीले भने ।

संघका महासचिव विजय आचार्यले वातावरण संरक्षणलाई अभियानका रूपमा अघि बढाउन सबै नागरिकको सहभागिता आवश्यक रहेको जनाए ।

संघका अनुसार स्थापना दिवसलाई औपचारिक समारोहमा मात्र सीमित नराखी समाजलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममार्फत मनाउने परम्परालाई निरन्तरता दिइएको हो । वातावरण संरक्षण, सार्वजनिक स्थलको व्यवस्थापन र हरियाली प्रवर्द्धनमा निजी क्षेत्रको सहकार्य आवश्यक रहेको सहभागीहरूले जोड दिएका थिए ।

नेपाल उद्योग व्यापार महासंघले स्थापना दिवसका अवसरमा देशभर आबद्ध सदस्य संस्थाहरूलाई सामाजिक उत्तरदायित्वसँग जोडिएका कार्यक्रम सञ्चालन गर्न आह्वान गरेको सन्दर्भमा उद्योग व्यापार संघ बुटवलले हरियाली पार्क संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गरेको हो ।

# शैक्षिक परामर्श संघ संस्थाहरू आन्दोलित

बुटवल । शैक्षिक परामर्श संघ संस्थाले आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गरेका छन् । बुधबार पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रमहरू घोषणा गरिएको हो ।

उनीहरूले शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा शिक्षा ऐन २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी कार्यान्वयनमा ल्याइएको शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन नियमावली २०८३ को स्वागत गर्ने तर त्यहाँ बनेका केही नियमहरू प्रति गम्भीर आपत्ति जनाएका छन् ।

संयुक्त अभियान तथा आन्दोलनका कार्यक्रमहरूमा असार ३२ गते कालोपट्टी बाँधेर नियमित काम गर्ने, साउन १ गते कार्यालय अगाडि प्लेकार्डसहित बिहान ११ बजेदेखि साढे ११ बजेसम्म शान्तिपूर्ण विरोध कार्यक्रम सञ्चालन गर्ने, आन्दोलनको कार्यक्रमहरू पूरा हुँदासम्म राज्यबाट वार्ता तथा समस्या समाधानका लागि पहल नभए आफ्नो कार्यालयको ताला चाबी जिल्ला प्रशासन कार्यालयमा बुझाइ अनिश्चितकालीन आन्दोलन गर्ने घोषणा गरिएको छ ।

# एक हजार दरका ६२२ नोटसहित ६ जना पक्राउ

**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देही प्रहरीले बुटवललगायतका विभिन्न स्थानबाट नक्कली नेपाली नोट छाप्ने र कारोबार गर्ने संगठित गिरोहका ६ जनालाई ठूलो परिमाणको नक्कली नोट र नोट छाप्ने उपकरणसहित पक्राउ गरेको छ ।

गएको असार २६ गते पीडित गंगाकुमारी पूर्वछाने नामकी महिलासँग चिनजान भई उनलाई अनलाइन माध्यम मार्फत एक्काइस सय रुपैयाँ पठाइदिएका थिए । त्यसबापत गंगा कुमारीले पीडितलाई हजार दरको दुई थान र सय दरको एक थान नोट दिएकी थिइन् । पछि किनमेल गर्न जाँदा उक्त दुवै हजारका नोटको सिरियल नम्बर एउटै रहेको फेला परेपछि ती नोटहरू नक्कली भएको खुलेको थियो । पीडितले असार २८ गते इलाका प्रहरी कार्यालय बुटवलमा कारबाहीका लागि निवेदन दिएपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो ।

घटनाको गम्भीरतालाई हेर्दै लुम्बिनी प्रदेश प्रहरी कार्यालयको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय रुपन्देही र इलाका प्रहरी कार्यालय बुटवलको संयुक्त टोलीले 'अपरेशन चार्ली' सञ्चालन गरेको थियो । प्रहरीले सुरुमा बुटवल उप-महानगरपालिका वडा नं. ११ श्रृजनानगर बस्ने ३६ वर्षीया गंगाकुमारी पूर्वछानेलाई पक्राउ गरी उनको कोठा खानतलासी गर्दा १०३ थान नक्कली नोट बरामद गऱ्यो ।

अनुसन्धानका क्रममा उक्त कार्यमा संलग्न कास्की पोखरा महानगरपालिका वडा नं. १ बस्ने किरण कृष्ण तिवारी (कृष्ण) को संलग्नता खुलेपछि जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा उनलाई पक्राउ गरियो । उनको साथबाट हजार दरका थप ४७८ थान नक्कली नोट बरामद भयो । तिवारीको बयानका आधारमा भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं. १ बस्ने रामचन्द्र खत्रीलाई असार २८ गते पक्राउ गरियो । खत्रीले बयानका क्रममा बुटवल उप-महानगरपालिका वडा नं. १३ जितगढीस्थित बाल कुमारी घर्ती मगरको घरमा दुईवटा कोठा भाडामा लिएर नक्कली नोट छाप्ने कारखाना नै चलाइरहेको खुलासा गरे । असार २९ गते उक्त छापाखाना स्थानमा प्रहरी टोलीले छापा मारी खानतलासी गर्दा नोट छाप्न प्रयोग हुने मेशिनरी सामान र थप नक्कली नोट बरामद गर्नुका साथै अन्य संलग्न व्यक्तिहरूलाई पक्राउ गरेको थियो । सञ्जाल फैलाएर नक्कली नेपाली नोटको अवैध छपाई तथा कारोबारमा संलग्न रहेको एक ठूलो गिरोहलाई प्रहरीले ठूलो परिमाणको नक्कली नोट र नोट छाप्ने अत्याधुनिक मेसिनरी उपकरणसहित पक्राउ परेको यो घटना भने रुपन्देहीमा पहिलो होइन ।

उक्त सूचनाका आधारमा असार २९ गते खटिएको प्रहरी टोलीले जितगढीको सो कारखाना र बुटवलको नेपालगञ्ज रोडस्थित एक पसलमा छापा मारी नोट छाप्न प्रयोग भइरहेका दशीका सामानहरू जस्तै– १ थान फोटोकपी मेसिन, १ थान डेल कम्पनीको ल्यापटप, नक्कली नोट कटिङ गर्ने मेसिन, कलर प्रिन्टर, नक्कली नोट छाप्न प्रयोग गरिने विशेष कागजको १ कार्टुन, लेमिनेसन मेसिन, नोट बनाउन प्रयोग हुने केमिकल, प्लास्टिक पेपर तथा ६ थान मोबाइल फोन बरामद गऱ्यो । सोही स्थानबाट प्रहरीले तयार भइसकेका सक्कली जस्तै देखिने हजार रुपैयाँ दरका थप ६२२ थान नक्कली नोट अर्थात ६ लाख २२ हजार रुपैयाँ बरामद भएको छ । साथै उक्त अवैध कारखाना सञ्चालनमा संलग्न रहेका कपिलवस्तु वाणगंगाका संजय थारु, दोलखा सैलुङका ३८ वर्षीय पासाङ तामाङ र भारतको पश्चिम बंगाल, सिलिगुडीका ४९ वर्षीय बासुमित्र आनन्दसहित जम्मा ६ जना प्रतिवादीहरूलाई पक्राउ गरेको थियो ।

# ३ मिटरको हिलो देखाएर ३० किलोमिटरको कालोपत्रे ढाक्नेहरू




**प्रेम सुनार**
*गुल्मी*

हाम्रा अग्रजहरुले भीरका कडा चट्टानहरूमा आफैँ गल र गैँची चलाएर गोरेटो बाटो खनिदिए । सम्झनुस् त ती दिन, जब सात दिन लगाएर तत्कालीन बटौली र खस्यौलीबाट नुनको भारी बोकेर हाम्रा हजुरबाहरू दुर्गम पहाडी जिल्ला गुल्मी आतेजाते गर्थे ।

तर आज त्यही इतिहासको जगमा उभिएर केही मान्छेहरू सोध्छन्– विकास कहाँ छ ?

दुःखीको आँसु र सुखीको मुस्कानको गहिरो यथार्थ खोतल्न यो तथ्य खोजको पहिलो अंक केन्द्रित छ । हाम्रो उद्देश्य हिजो र आजको विकासलाई छर्लङ्ग देखाउनु हो, र रगत पसिना बगाएर काम गर्नेहरूलाई प्रोत्साहित गर्नु हो ।

तर अचेल बजारमा नयाँ जोगीहरू धेरै खरानी घस्दै छन् । फेसबुक र टिकटकका नयाँ युगका नेताहरूलाई सिधा प्रश्न छ-कहाँ थियौ तिमी हिजो ? कस्तो बाटो हिँडेर गयौ, कहाँ पुगेर फर्कियौ र के देख्यौं ? के तिमी जन्मजात नै दृष्टिविहीन हौं ? कि सारा दृष्टि भएकाहरूलाई पनि दृष्टिविहीन बनाउने कुनै अदृश्य शक्तिको गोटी हौ तिमीहरु ? दिउँसै रात पार्ने खेलोखेतीमा लागेका ती घुसघुसेहरूलाई हाम्रा बुढापाकाहरूले ठीकै भन्थे–'घुसघुसेहरूसँग सजग रहनु, उनीहरू खतरनाक हुन्छन् ।

आऊ, एकपटक आँखा हेरेर र कान खोलेर सुन, यो सानो पहाडी जिल्ला गुल्मी आसपासमा विकासका मेरुदण्डहरू के हुन् ? हामीले गर्ने शब्द सम्मानलाई बुझ । कि बुझेर पनि बुझ पचाउँछौं ? तिम्रो पार्टी कार्यालय फेसबुकको भित्ता हो ? जहाँ तिमी आफ्नै असली वर्गमित्र अर्थात् भुईं मान्छेहरूलाई ग्रुप च्याटमा राखेर कुप्रशिक्षण चलाउँछौ हो कि होइन ? भन– कहाँ हुन्छ तिमीहरूको त्यो रहस्यमयी बैठक र प्रशिक्षण ?

यिनीहरूको हर्कत हेर्नुस् त ? आफू हिँडिरहेको ३० किलोमिटर सडक यात्राको आनन्द र सुविधा लिन्छन् । तर, त्यही सडकको मात्र तीन मिटर जहाँ हिलाम्मे वा धुलाम्मे छ, त्यहाँ गाडी रोकेर फोटो खिच्छन्, टिकटक र फेसबुकमा पोस्ट गर्छन् र पुराना दल र नेतालाई गाली गर्दै आफूलाई नयाँ युगको मसिहा र सामाजिक अभियन्ता दाबी गर्छन् । र, यस खेलका बढी जसो दर्शक र समर्थक को हुन् ? हाम्रा ती भुईं मान्छेहरू, जो युरोप, अमेरिका र खाडी जस्ता विकसित मुलुकमा पसिना बगाउँदै छन् । उनीहरू स्वदेशलाई माया त गर्छन्, तर यहाँको धरातल बुझ्दैनन् । चुनाव आउँदा वर्ष दिनको तीजमा आउने चेली झैँ टुप्लुक्क आउँछन्, पाहुर पोको र सोली सोली माइतीलाई बुझाए झैँ चुनाव लड्ने नयाँ रंगीचंगी नेतालाई नोट बुझाउँछन् । आश्वासनको पोको लिएर फेरि विदेश फर्किन्छन् । तिनै भुईं मान्छेको तातो हावाले स्वदेशको चिसो हावालाई पनि झन् तातो बाफ बनाइदिन्छ र यहाँको यथार्थ बिग्रिन्छ ।

यथार्थ फेसबुकमा होइन, गाउँमा छ । गाउँमा लौरो टेकेर हिँड्ने ती बूढी आमा र बूढो बाउलाई छिमेकमै रातदिन दुःखमा साथ दिने पुराना नेता नै चाहिन्छ । उनकी सुत्केरी श्रीमतीलाई पिठ्युँमा बोकेर अस्पताल लैजाने त्यही पल्लो घरे छिमेकी वा पुरानो दलको कार्यकर्ता नै हो । त्यसैले ती आमाबाबु चुनावमा उनैलाई भोट दिन चाहन्छन् । तर, तिम्रो विदेशको कमाइ र फोनको धम्कीले उनीहरूको विवेकपूर्ण मताधिकारलाई खरिद गर्ने चेष्टा गरिन्छ ।

आजभन्दा ३५ वर्षअघिको अवस्था के थियो ? सम्झौं त । माओवादी जनयुद्ध सुरु हुनुअघि दलित, मधेसी, महिला र अन्य सीमान्तकृत समुदायको अवस्था के थियो ? र अहिले कस्तो छ ? माओवादी जनयुद्धको जगमा २०६२/०६३ को जनआन्दोलन भयो, लोकतान्त्रिक गणतन्त्र आयो । त्यसपछि विकास यसरी ह्वात्तै बढ्यो कि, हिजो २०४६ सालदेखि गणतन्त्र घोषणाको दिनसम्म निरास भएका सर्वसाधारण नै भन्न थालेका छन् यस्तो विकास होला भनेर त हामीले सोचेकै थिएनौं ।

हिजो नागरिकता वा सिफारिसका लागि दुई दिनको उकालो ओरालो गर्दै सदरमुकामको सास्ती खेपेका जनताले आज आफ्नै गाउँको स्थानीय सरकार बाट सेवा लिएका छन् । यो विकास होइन ?

तर यसैभित्र एउटा तीतो सत्य पनि छ । हिजो गाउँका कतिपय जालीफटाहरू माओवादीले गाउँ बस्न दिएन भन्दै गरिब लुटेको पैसा कुम्ल्याएर तराई र सहर पसे । हिजो गाउँमा नम्बर एक फटाहाको बिल्ला भिरेका, गरिबलाई ब्याजको स्याज बनाएर जाली तमसुक बनाउने तिनै मान्छेहरूको तमसुक माओवादीले जलाईदिए । अचम्मको कुरा तिनै व्यक्तिहरू आज तराई र सहरका होनहार, जनप्रिय, वरिष्ठ समाजसेवी र देशकै जल्दोबल्दो नेताका रूपमा स्थापित छन् । माओवादी जनयुद्ध यो देशमा कसैलाई फाप्यो भने, तिनै गाउँबाट विस्थापितको बहानामा भाग्नेहरूलाई फाप्यो। अझ भनौं– बाँदरलाई लिस्नो बन्यो ।

अर्कोतर्फ, ज्यानको बाजी थापेर लड्ने माओवादीसहित पुराना दलका भुईं तहका इमानदार कार्यकर्ताहरू आज पनि बिना अवसर खटिरहेका छन् । लौरो टेक्ने बेलासम्म जनताकै सेवामा लाग्छन्, र अन्त्यमा उपचार खर्च नपाएर मर्छन्, मर्दा सम्मान के पाउँछन् ? उही मरेको बाउलाई हरियो काँक्रो भनेझैँ लासमाथि पार्टीको झण्डा ।

# सम्पत्ति छानबिन रोक्न सर्वोच्चको आदेश

बुटवल । सर्वोच्च अदालतले सार्वजनिक पदाधिकारी र अवकाशप्राप्त सबै व्यक्तिहरूको सम्पत्ति छानबिन रोक्न सम्पत्ति छानबिन आयोगलाई अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको इजलासले आयोगको कामकारबाही रोक्नू भनी अन्तरिम आदेश जारी गरेको हो ।

सर्वोच्चले गत शुक्रबार पनि सम्पत्ति छानबिन आयोगका नाममा अन्तरिम आदेश जारी गरेको थियो । तर आदेशमा अस्पष्ट हुँदा आयोगले पूर्वन्यायाधीश र पूर्वसैनिक बाहेकको हकमा सम्पत्ति जाँचबुझ यथावत रहने भनी सूचना निकालेको थियो ।

त्यो सूचनाविरुद्ध अधिवक्ता मनीराम उपाध्यायले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए ।

'गत शुक्रबारको आदेश कार्यान्वयन हुनुपर्ने र आयोगले निकालेको पछिल्लो सूचना बदर हुनुपर्ने भनेर परेको रिट निवेदनमा हामीले आज छलफल गरेका हौं,' वरिष्ठ अधिवक्ता रमेश बडालले भने-'सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको सूचना आएको छ । हामीले आयोगकै सूचना बदरको माग गरेकाले आयोगलाई कामकारबाही नगर्नु भनेर अन्तरिम आदेश दिएको हुनुपर्छ ।'

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले अन्तरिम आदेश जारी भएको सूचना आएको तर आदेशको प्रति आफूले प्राप्त नगरेको बताए । उनले भने- 'आदेशको प्रति प्राप्त गरेपछि मात्रै अरु विवरण थाह होला ।'

बुधबार मात्रै सर्वोच्च अदालतले पूर्वन्यायाधीशहरूको अर्को रिट निवेदनमा अन्तरिम आदेश जारी गरेको थियो । पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले पूर्वन्यायाधीशको सम्पत्ति जाँचबुझ गर्न नमिल्ने दाबीसहित सर्वोच्च अदालतमा निवेदन दिएका थिए । न्यायाधीश निरौलाकै इजलासले त्यो निवेदनमा समेत अन्तरिम आदेश दिएको हो ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

**प्रमाणित गरिएको सम्बन्धमा**

मिति: २०८३/०३/३२

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सुस्ता गाउँपालिका वडा नं. १ निवासी भारतीय भू. पु. २० असम राईफल्स सैनिक नं. 2001099 का हवल्दार नरवीर सिंजापती थापाको पत्नी ओमा सिंजापतीको नेपाली नागरिकता प्रमाण पत्र नं. (६८२४) मा र पतिको भारतीय पेन्सनपट्टामा निम्न विवरण फरक परेता पनि व्यक्ति एउटै भएको भनी सुस्ता गाउँपालिका वडा नं. १ को च.नं. १९०१ मिति २०८३/०३/२९ को पत्रबाट सिफारिस भई आएकोले सोही बेहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र प्रमाणित गरिन्छ ।

**तपशिल:**

| नेपाली नागरिकता प्रमाणपत्रमा कायम भएको नाम थर | पतिको भारतीय पेन्सन पट्टामा उल्लेख भएको नाम थर |
|---|---|
| ओमा सिंजापती | YOBHASARA DEVI |




प्रमुख जिल्ला अधिकारी

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com

# नवप्रवर्तन साझेदारीका ८ पालिकाका परियोजना स्वीकृत

दाङ लुम्बिनी प्रदेश सरकारअन्तर्गत प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी परियोजनाका लागि आठ स्थानीय तहका परियोजना स्वीकृत भएका छन् आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन हुने परियोजनाका लागि प्रदेश सरकारले प्रतियोजना २५ लाख रुपैयाँका दरले अनुदान उपलब्ध गराउने भएको छ

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बुधबार बसेको प्रदेश निर्देशक समितिको बैठकले प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम दस्तावेज तथा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम उक्त निर्णय गरेको हो

बैठकले आर्थिक वर्ष २०८२/८३ अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको वार्षिक प्रगतिको समीक्षा गर्दै आगामी वर्षका लागि पूर्ण प्रस्ताव पेस गरेका स्थानीय तहका परियोजनामध्ये मूल्याङ्कनका आधारमा उत्कृष्ट आठ परियोजना स्वीकृत गरेको छ

स्वीकृत परियोजनामा रोल्पाको सुनछहरी गाउँपालिकाको जुनेलीमा किसान व्यवसायिक कृषि परियोजना, गुल्मीको सत्यवती गाउँपालिकाको सूचना प्रविधि तथा उद्यमशील विद्यालय विकास कार्यक्रम, गुल्मीकै मुसिकोट नगरपालिकाको प्रत्येक वडाको पहिचान एउटा उद्योग, पाल्पाको रम्भा गाउँपालिकाको सूचना प्रविधिमैत्री शिक्षा, रोल्पाको थवाङ गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यक्रम, अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको स्मार्ट शिक्षा परियोजना, नवलपरासीको सुस्ता गाउँपालिकाको प्रविधिमैत्री डिजिटल शिक्षा तथा बर्दियाको गेरुवा गाउँपालिकाको डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा रहेका छन्

प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ मा नवप्रवर्तन साझेदारी परियोजनाका लागि दुई करोड रुपैयाँ बजेट विनियोजन गरेको छ सोही बजेटबाट स्वीकृत आठवटै स्थानीय तहलाई प्रतियोजना २५ लाख रुपैयाँका दरले अनुदान उपलब्ध गराइने निर्णय गरिएको छ कार्यविधिअनुसार स्थानीय तहले व्यहोर्नुपर्ने न्यूनतम लागत सहभागिता भने यथावत रहनेछ बैठकले प्रदेश छनौट तथा सिफारिस समितिले पेस गरेको ढाँचाअनुसार कार्यान्वयनयोग्य क्रियाकलाप समावेश गरी सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्न प्रदेश कार्यक्रम सहयोग इकाईलाई निर्देशन दिएको छ

बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यले निर्धारित कार्यक्रम समयमै प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिए उनले नवप्रवर्तन, सूचना प्रविधि, उद्यमशीलता र सेवा प्रवाह सुधारसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकतामा राखिएको उल्लेख गर्दै यस्ता परियोजनाले संघीय शासन प्रणालीलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे

मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै नागरिकलाई प्रविधिमैत्री, छरितो र गुणस्तरीय सेवा उपलब्ध गराउन यस्ता नवप्रवर्तनमुखी कार्यक्रमले महत्वपूर्ण योगदान पुग्ने बताए उनले स्वीकृत परियोजनाहरू नतिजामुखी ढंगले कार्यान्वयन गर्न सम्बन्धित सबै निकायलाई जिम्मेवार भएर काम गर्न आग्रह गरेका हुन्

# सालझण्डी-ढोरपाटन सडकको बुर्तिबाङ-फल्लेघर खण्ड ग्राभेल

ढोरपाटन राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी-ढोरपाटन सडकअन्तर्गत बागलुङको बुर्तिबाङ-फल्लेघर खण्डमा २२ किलोमिटर सडक ग्राभेल सम्पन्न भएको छ

तराई र पहाड जोड्ने यस सडकको निर्माण समयमै सम्पन्न हुन नसकेपछि चार पटक म्याद थप गर्दै पाँच वर्षपछि ग्राभेलको काम सकिएको हो तीस महिनाभित्र काम सम्पन्न गर्ने गरी विसं २०७८ कात्तिक ५ गते स्वच्छन्द-ओमबुद्ध जेभी, काठमाडौँले ठेक्का पाएको थियो विसं २०८० बैशाखमै ग्राभेल सम्पन्न गर्नुपर्ने भए पनि निर्माण कम्पनीले काममा ढिलाइ गरेपछि पटक-पटक म्याद थप गरिएको थियो गत मङ्सिरमा तेस्रो पटक म्याद थप गरिएको भए पनि काम नसकिएपछि गत जेठ मसान्तसम्मका लागि अन्तिम पटक एक महिनाको म्याद थपिएको थियो

रु २५ करोड ६१ लाख ३१ हजार १६६ को लागतमा उक्त सडकखण्ड स्तरोन्नति गरिएको सालझण्डी-ढोरपाटन सडक आयोजनाका सूचना अधिकारी परीक्षा पौडेलले जानकारी दिए उनका अनुसार ग्राभेल सम्पन्न भएपछि ढोरपाटन-फल्लेघर खण्डको यात्रा व्यवस्थित भएको छ निर्माण कम्पनीले सुरुदेखि नै अपेक्षाअनुसार काम नगर्दा परियोजना समयमै सम्पन्न हुन नसकेको उनले बताए

"ढिलै भए पनि सडक ग्राभेल भयो लामो समय सडक अलपत्र थियो, अहिले सडकको अवस्था राम्रो भएको छ", पौडेलले भने-"ग्राभेल सम्पन्न भएपछि तत्काल कालोपत्र गर्न पाए सडक अझ व्यवस्थित हुन्थ्यो तर त्यसका लागि बजेट छैन विभागबाट बजेटको व्यवस्था भएपछि कालोपत्रका लागि ठेक्का प्रक्रिया अघि बढ्छ"

विसं २०६८ मा रुपन्देहीबाट सुरु भएको यो सडक अर्घाखाँचीको सन्धिखर्क, पाल्पा, गुल्मी हुँदै बागलुङको ढोरपाटनसम्म जोडिएको छ रुपन्देही, अर्घाखाँची, पाल्पा र गुल्मीमा काम तीव्र गतिमा भए पनि बागलुङ खण्डमा अपेक्षाअनुसार प्रगति हुन सकेको थिएन

सडक ग्राभेल भएपछि बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको यात्रा सहज भएको ढोरपाटन नगरपालिका-९ का थमनबहादुर घर्तीले बताए उनका अनुसार यसअघि २२ किलोमिटर दूरी पार गर्न झण्डै साढे दुई घण्टा लाग्ने गरेकामा अहिले ४५ मिनेटमै यात्रा पूरा गर्न सकिन्छ सडक सुधार भएपछि ढोरपाटन आउने पर्यटक र स्थानीयवासी दुवैलाई सहज भएको उनले जानकारी दिए

"पोहोरसम्म यो बाटोको अवस्था निकै बेहाल थियो अहिले धेरै राम्रो भएको छ ठेकेदारले चाह्यो भने काम हुने रहेछ", घर्तीले भने-"यतिका वर्ष सडक नबन्दा स्थानीयले धेरै दुःख पाए घुम्न आउने पर्यटकले पनि समस्या भोगे अब सरकारले कालोपत्र गरिदियो भने यस क्षेत्रको मुहार नै फेरिनेछ"

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले सडक व्यवस्थित भएसँगै ढोरपाटनमा उत्पादन हुने स्याउ, आलु, सिमीलगायतका कृषि उपज बजारीकरण गर्न सहज हुने बताए पछिल्लो समय ढोरपाटन, बुकीपाटन र जलजला क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले सडक सुधारले पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने उनको भनाइ छ

# ढोरपाटन-तकसेरा सिधा सडक सञ्चालनमा

ढोरपाटन बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा सिधा सडक सञ्जालमार्फत जोडिएपछि दुई जिल्लाबीचको आवतजावत सहज भएको छ

गत फागुन १६ गते बागलुङको निसेलढोर हुँदै रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको मनिमर्फेस क्षेत्रमा सडकको 'ट्र्याक' जोडिएसँगै ढोरपाटन-तकसेरा सडक सञ्चालनमा आएको हो

नेपालको एक मात्र सिकार आरक्ष रहेको ढोरपाटन क्षेत्रमा लामो समयदेखि रोकिएको सडक निर्माण कार्य ढोरपाटन सिकार आरक्ष कार्यालयबाट अनुमति प्राप्त भएपछि सम्पन्न भएको हो सडक सञ्चालनमा आएपछि बागलुङको निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका तथा रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाका स्थानीयलाई आवतजावत र दैनिक उपभोग्य सामग्री ढुवानीमा सहज भएको छ

ढोरपाटनका स्थानीय खुमबहादुर विश्वकर्माले सडक सञ्चालनसँगै वर्षौंदेखिको यात्राको कठिनाइ अन्त्य भएको बताए उनका अनुसार यसअघि ढोरपाटनबाट तकसेरा पुग्न दिनभर पैदल हिँड्नुपर्थ्यो भने अहिले सवारीसाधनमार्फत् छोटो समयमै यात्रा गर्न सकिने भएको छ

उनले भने-"पुथा उत्तरगङ्गा र ढोरपाटनवासीबीच रोटीबेटीको सम्बन्ध छ यो सडकले दुई जिल्लाका स्थानीयबीचको सम्बन्धलाई अझ बलियो बनाएको छ व्यापारदेखि दैनिक आवतजावतसम्म सबै क्षेत्रमा सहजता आएको छ"

सडक सञ्चालनसँगै पश्चिम बागलुङ र पूर्वी रुकुमबीचको यात्रा दूरीसमेत छोटिएको छ यसअघि बुर्तिवाङ बजारदेखि निसेलढोरसम्म सडक पुगे पनि त्यसभन्दा माथिको खण्ड निर्माण हुन नसक्दा सिधा सडक सम्पर्क स्थापित हुन सकेको थिएन बुर्तिवाङदेखि ढोरपाटनसम्म ३१ किलोमिटर र ढोरपाटनदेखि तकसेरासम्म ३७ किलोमिटर दूरी रहेको छ

पुथा उत्तरगङ्गा गाउँपालिका-१ का थमबहादुर पुनका अनुसार यसअघि तकसेराका बासिन्दाले मध्यपहाडी लोकमार्ग हुँदै रुकुमको काँक्री भएर लामो दूरी पार गर्नुपर्ने बाध्यता थियो अहिले ढोरपाटन-तकसेरा सडक सञ्चालनमा आएपछि तकसेरासहित आसपासका गाउँ सिधैँ बुर्तिवाङ बजारसँग जोडिएका छन्

# होटेललाई विद्युत् महसुलमा छुट दिन प्रधानमन्त्रीसँग माग

बुटवल प्रधानमन्त्री बालेन्द्र शाहले नेपालको पर्यटन प्रवर्द्धनमा द्रुत गतिमा काम सुरु गरेको बताएका छन्

उनले होटल व्यवसायीहरूले गर्दै आएको चिन्ता अब अन्त्य हुने समेत बताए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा होटल एसोसिएसन नेपाल (हान) का पदाधिकारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको बलियो साझेदारका रूपमा अघि बढ्न ढाडस दिए

प्रधानमन्त्री शाहले व्यवसायीलाई कानुन पालना गर्दै आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन र सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न हानका पदाधिकारीलाई आग्रह गरे

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलको समेत उपस्थिति रहेको छलफलमा हानका पदाधिकारीले नेपालको होटल उद्योग वार्षिक ४० लाख पर्यटकलाई सेवा दिन पूर्णसक्षम रहेको जानकारी गराए

हाल वार्षिक १२ लाखमात्र पर्यटक भित्रिरहेको उल्लेख गर्दै व्यवसायीले पर्यटक आगमन बढेसँगै आन्तरिक रोजगारीमा अभूतपूर्व वृद्धि गर्ने र नेपाली युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्न होटल उद्योग एक बलियो माध्यम बन्ने बताए

नेपालमा आरोग्य पर्यटन, गन्तव्य विवाह (डेस्टिनेसन वेडिङ) र क्रस-बोर्डर पर्यटनको प्रचुर सम्भावना रहेको औँल्याउँदै उनीहरूले सरकार समक्ष केही नीतिगत माग प्रस्तुत गरे

हान पदाधिकारीले होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योगसरह बिजुली महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ बेडसम्मको संक्षिप्त वातावरणीय मूल्यांकन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० बेडसम्म कायम गर्न माग गरे

यसैगरी पोखरा र भैरहवा विमानस्थललाई पूर्णरूपमा सञ्चालन गरी नेपाल एयरलाइन्सको सेवामा सुधार ल्याउन अनुरोध पनि उनीहरूले गरे वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत ट्रेडमार्क प्रयोगको रोयल्टी वा शुल्कको रकम, प्रचलित करबाहेक कुल बिक्री मूल्यको ५ प्रतिशतभन्दा नबढ्ने भन्ने व्यवस्था संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने व्यवस्था मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य कानुन संशोधन तथा पुनरावलोकन गर्न आग्रह गरे

**सुकुम्वासी**...

जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा छलफल गर्नुपर्ने ५ वटा कारणहरू राखिएका छन्

१. वास्तविक भूमिहीन, भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण नगरी, पर्याप्त पूर्वसूचना, परामर्श, लिखित पुनर्स्थापना योजना र सुरक्षित वैकल्पिक आवासबिना बस्ती भत्काइएको

२. जोखिमयुक्त नदी किनारबाट सुरक्षित स्थानमा सारिएको भनिएका नागरिकलाई पुनः बाढीको जोखिम भएका होल्डिङ सेन्टरमा राखी स्वच्छ पानी, पौष्टिक खाना, सरसफाइ, स्वास्थ्य सेवा, गोपनीयता र सुरक्षाको न्यूनतम व्यवस्था नगरिएको

३. गर्भवती, सुत्केरी, शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीलाई आवश्यक विशेष सेवा नदिइएको तथा डोजर र बाढीबाट विद्यालय, पुस्तक र शैक्षिक सामग्री नष्ट भई बालबालिकाको पढाइ र परीक्षा प्रभावित भएको

४. रोजगारीको स्थानबाट टाढा सारिँदा दैनिक ज्यालादारी तथा अनौपचारिक श्रममा निर्भर परिवारको जीविकोपार्जन खोसिएको र राहत रकम नपाएका वा कागजातमा समस्या भएका परिवारको समाधान गर्नुको सट्टा खाना रोकी होल्डिङ सेन्टर छाड्न बाध्य पारिएको

५. विस्थापनबाट उत्पन्न मानसिक आघात, आत्महत्या र शंकास्पद मृत्युको स्वतन्त्र छानबिन नभएको, पुनर्स्थापनामा अनधिकृत राजनीतिक वा गैरसरकारी व्यक्तिको भूमिका अस्पष्ट रहेको तथा सर्वोच्च अदालतको आदेश, संविधान, आवासको अधिकारसम्बन्धी ऐन, २०७५ र अन्तर्राष्ट्रिय मानवअधिकार प्रतिबद्धता कार्यान्वयन नभएको

भूमिहीन र सुकुम्वासी नागरिकलाई सुरक्षित आवास तथा लालपुर्जा उपलब्ध गराउने विषय निर्वाचनअघि प्रायः सबै राजनीतिक दलको साझा प्रतिबद्धता र घोषणापत्रको प्रमुख एजेन्डा थिए त्यसैले यो विषयलाई दलगत आरोप-प्रत्यारोप वा राजनीतिक लाभको माध्यम नबनाई साझा राष्ट्रिय दायित्वका रूपमा स्वीकार गर्नुपर्ने कांग्रेसको आग्रह छ

'सरकार, प्रतिपक्ष, स्थानीय तह र सम्बन्धित समुदायबिच सहकार्य गरी यसको न्यायपूर्ण, मानवीय र दीर्घकालीन समाधान तत्काल खोजिनुपर्छ' प्रस्तावमा भनिएको छ, 'यसर्थ, संविधान, कानुन र मानवअधिकारका मान्यताअनुरूप भूमिहीन तथा सुकुम्बासी नागरिकको संरक्षण र दिगो पुनर्स्थापनाका लागि नेपाल सरकारसँग देहायका कार्य तत्काल अघि बढाउन कांग्रेसको माग छ'

यस सन्दर्भमा सात वटा काम तत्काल गर्नुपर्ने कांग्रेसको माग छ

१. एकीकृत तथ्यांक र गुनासो सुनुवाई : विस्थापित, होल्डिङ सेन्टरमा रहेका, राहत पाएका वा नपाएका तथा सम्पर्कविहीन परिवारको प्रमाणित तथ्याङ्क सात दिनभित्र सार्वजनिक गरी प्रत्येक केन्द्रमा अधिकारसम्पन्न हेल्प डेस्क स्थापना गरियोस्

२. सुरक्षित आवास र आधारभूत सेवा : स्थायी पुनर्स्थापना नभएसम्म विपद् जोखिमरहित स्थानमा पर्याप्त कोठा, स्वच्छ पानी, विद्युत्, शौचालय, सरसफाइ, गोपनीयता र सुरक्षासहितको मानवीय आवास उपलब्ध गराइयोस्

३. खाद्य, स्वास्थ्य र विशेष संरक्षण : खाना बन्द गर्ने कार्य रोक्दै गर्भवती, सुत्केरी, शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी र दीर्घरोगीलाई पौष्टिक खाना, निःशुल्क औषधि, मातृशिशु सेवा, एम्बुलेन्स र मनोसामाजिक परामर्श उपलब्ध गराइयोस्

४. शिक्षा र जीविकोपार्जनको निरन्तरता : प्रभावित बालबालिकालाई पुरानै विद्यालयमा पढ्न निःशुल्क यातायात, नष्ट भएका शैक्षिक सामग्रीको प्रतिस्थापन र परीक्षा तथा उपस्थितिमा सहुलियत दिइयोस्; साथै प्रभावित परिवारको रोजगारी र जीविकोपार्जन पुनर्स्थापनाको व्यवस्था गरियोस्

५. क्षतिपूर्ति र स्थायी पुनर्स्थापना : डोजर, स्थानान्तरण वा बाढीबाट भएको सम्पूर्ण क्षतिको स्वतन्त्र मूल्याङ्कन गरी वास्तविक क्षतिपूर्ति दिइयोस् र प्रभावित समुदायको सहभागितामा तीन महिनाभित्र जग्गा, सामाजिक आवास, भाडा सहायता वा सुरक्षित पुनर्वाससहितको स्थायी योजना ल्याइयोस्

६. जबर्जस्ती निष्कासन रोक र संवैधानिक अधिकार कार्यान्वयन : वैकल्पिक आवास, शिक्षा, स्वास्थ्य, क्षतिपूर्ति र जीविकोपार्जनको सुनिश्चितताबिना थप बस्ती नभत्काइयोस्; सर्वोच्च अदालतको आदेश तथा संविधानको धारा ४०(५) र (६) अनुसार भूमिहीन दलितलाई जमिन र आवास उपलब्ध गराइयोस्

७. छिटो लालपुर्जा वितरणः सरकारले गरेको प्रतिबद्धता तथा प्रचलित कानुनबमोजिम वास्तविक भूमिहीन, भूमिहीन दलित र योग्य सुकुम्बासीको पहिचान तथा प्रमाणीकरण शीघ्र सम्पन्न गरी निश्चित समयसीमाभित्र जग्गाधनी लालपुर्जा वितरण गरियोस्

देशभर सुकुम्वासी र अव्यवस्थित बसोबासी गरी १२ लाख बढी परिवार छन् सबैभन्दा बढी अव्यवस्थित बसोबासी ९ लाख बढी परिवार छन्

**प्रादेशिक** ...

ध्यानाकर्षण पत्रमा रेबिजलगायत सरकारले निःशुल्क उपलब्ध गराउने खोपमा हुने अभाव अन्त्य गर्न, एमआरआई, सिटी स्क्यान, भिडियो एक्स-रे, अल्ट्रासाउन्ड तथा प्रयोगशाला सेवाको रिपोर्ट समयमै उपलब्ध गराउन, बिग्रिएका उपकरण तत्काल मर्मत गर्न र ती सेवा २४सैं घण्टा सञ्चालन गर्नुपर्ने उल्लेख छ

स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गतका औषधि तथा सेवा चौबीसै घण्टा उपलब्ध गराउनुपर्ने, सामाजिक सेवा इकाइबाट दिइने सहुलियत पहुँच वा प्रभावका आधारमा नभई वास्तविक आर्थिक अवस्थाका आधारमा पारदर्शी रूपमा वितरण गर्नुपर्ने, बिदाको समयमा पनि विशेषज्ञ चिकित्सक सेवा उपलब्ध गराउनुपर्ने तथा प्रयोगशाला, फार्मेसी र टिकट काउन्टरमा हुने ढिलाइ र बिचौलियाको प्रभाव अन्त्य गर्नुपर्ने माग पनि पत्रमा समेटिएको छ

माओवादीले अस्पतालमा विशेषज्ञ चिकित्सक, मेडिकल अधिकृत, नर्स तथा अन्य स्वास्थ्यकर्मीको दरबन्दी थप गर्न, आईसीयू, एचडीयू, वार्ड र शल्यक्रियापछिका बेड विस्तार गर्न तथा लुम्बिनी प्रदेश, पहाडी जिल्ला र छिमेकी जिल्लाबाट आउने बिरामीको चापलाई ध्यानमा राखेर आवश्यक पूर्वाधार विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएको छ

यस्तै, अस्पतालभित्र उपलब्ध हुनुपर्ने औषधि र सामग्री बिरामीले बाहिरबाट खरिद गर्नुपर्ने अवस्था अन्त्य गर्न, सर्जिकल सामग्री, औषधि तथा स्वास्थ्य उपकरणको गुणस्तर नियमित परीक्षण गर्न तथा उपकरण बिग्रिएर सेवा अवरुद्ध हुने अवस्थाको अन्त्य गर्न समयमै मर्मत र प्रतिस्थापन गर्नुपर्ने माग गरिएको छ

पत्रमा अस्पतालको खरिद प्रक्रिया, औषधि तथा उपकरण खरिद, स्टोर व्यवस्थापन र सम्पूर्ण प्रशासनिक कार्यमा सुशासन, पारदर्शिता, प्रतिस्पर्धा र कानुनी मापदण्डको पूर्ण पालना सुनिश्चित गर्नुपर्ने तथा अस्पताल परिसरमा सक्रिय दलाल र बिचौलियाको गतिविधि पूर्ण रूपमा नियन्त्रण गर्नुपर्ने उल्लेख गरिएको छ

माओवादीले बिरामी तथा सेवाग्राहीका गुनासो सम्बोधनका लागि प्रभावकारी हेल्प डेस्क र हटलाइन सेवा सञ्चालन गर्न, पोस्टमार्टम सेवा व्यवस्थित बनाउन, कर्मचारी नियुक्ति र जिम्मेवारीमा योग्यता तथा कार्यसम्पादनलाई आधार बनाउन तथा सबै चिकित्सक र कर्मचारीबाट बिरामीप्रति सम्मानजनक र सेवामैत्री व्यवहार सुनिश्चित गर्नुपर्ने माग पनि गरेको छ

अस्पतालको सरसफाइ, संक्रमण नियन्त्रण तथा शौचालय व्यवस्थापन सुधार गर्नुपर्ने, प्रशासनिक तथा आर्थिक व्यवस्थापनलाई सूचना प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउनुपर्ने तथा नियमित सार्वजनिक सुनुवाइ सञ्चालन गर्नुपर्ने माग पनि पत्रमा उल्लेख छ

माओवादीले दीर्घकालीन रूपमा लुम्बिनी प्रादेशिक अस्पताललाई मेडिकल कलेजका रूपमा विकास गरी एमबीबीएस, नर्सिङ, स्वास्थ्य विज्ञान तथा अन्य प्राविधिक विषयको अध्ययन-अध्यापन सञ्चालन गर्न आवश्यक पूर्वाधार, जनशक्ति, आधुनिक उपकरण र कानुनी प्रक्रिया अघि बढाउन सरकारसँग पहल गर्न अस्पताल प्रशासनलाई आग्रह गरेको छ

ध्यानाकर्षण पत्रको अन्त्यमा पार्टीले अस्पताल प्रशासन, चिकित्सक, नर्स तथा सम्पूर्ण स्वास्थ्यकर्मीको योगदानप्रति सम्मान व्यक्त गर्दै प्रस्तुत मागहरूलाई गम्भीरतापूर्वक कार्यान्वयन गरी लुम्बिनी प्रादेशिक अस्पताललाई सुशासित, पारदर्शी, सेवाग्राहीमैत्री, गुणस्तरीय र नमुना सरकारी अस्पतालका रूपमा विकास गर्न आग्रह गरेको छ

उक्त ध्यानाकर्षण पत्रको बोधार्थ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय तथा लुम्बिनी प्रादेशिक अस्पताल विकास समितिलाई समेत पठाइएको छ ज्ञापनपत्र बुझेपछि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. विष्णु गौतमले साधन स्रोतले भ्याएसम्म सेवा सुधारमा कुनै सम्झौता नगर्ने प्रतिवद्धता जनाएका थिए

## माइग्रेसन सर्टिफिकेट हराएको सुचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट (Migration Certificate) तथा प्रोभिजनल सर्टिफिकेट (Provisional Certificate) मिति २०८२ जेठ २५ गते का दिन रुपन्देही जिल्ला, सैनामैना नगरपालिका-१, रानीबगियाबाट बुटवलतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने जोकोही मानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तल उल्लेख गरिएको ठेगानामा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछु

**नामः** विशाल रोका मगर
**ठेगानाः** सैनामैना नगरपालिका-१, रानीबगिया, रुपन्देही
**एनईबी रजिस्ट्रेसन नं.**: ७९५४९१६००००७
**सिम्बोल नं.**: २४९१८४८८
**सम्पर्क नं.**: ९८१६४६८८००

## नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
## सिद्धार्थनगर, रूपन्देही
### प्रमाणित गरिएको सम्बन्धमा

मितिः २०८३/०३/३२

जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ०८ बस्ने कर्ण बहादुर रावलले आफु भारत सरकारको भू.पु. सैनिक नं. ***JC166013M Sub*** को पेन्सनर रहेकोमा निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर रत्न कुमारी रावल र जन्ममिति वि. सं. २०१८ /१०/१५ (ई.सं. १९६२/०१/२८) उल्लेख भएको र निजको पेन्सन अभिलेखमा पत्नीको नामथर रत्न वोगटी र जन्ममिति ई.सं. १९५६ / १० / ११ उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाँउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित सिद्धार्थनगर नगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. २२७८ मिति २०८३/०३/३१ को सिफारिस पत्र र यस कार्यालयको च.नं. ७२१० मिति २०७७/११/०२ को व्यक्ति प्रमाणित पत्रमा समेत लेखि आएकोले सोहि व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।



प्रमुख जिल्ला अधिकारी


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२